आज मिति २०८१/०५/१९ गते बुधबारको दिन यस शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको चालू आ. व. २०८१/०८२ को दोस्रो बैठक गाउँपालिका अध्यक्ष **श्री विष्णु प्रसाद बस्यालज्यूको** अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरू गरियो ।

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष | |
| २ | श्री शान्तादेवी ज्ञवाली | उपाध्यक्ष | |
| ३ | श्री विष्णु बहादुर घर्ती | सदस्य सचिव | |
| ४ | श्री उदयराज गडेरिया पाल | वडाध्यक्ष | |
| ५ | श्री कमल खड्का क्षेत्री | वडाध्यक्ष | |
| ६ | श्री हेम बहादुर खड्का | वडाध्यक्ष | |
| ७ | श्री केशव प्रसाद अधिकारी | वडाध्यक्ष | |
| ८ | श्री चन्द्रभान चौधरी थारु | वडाध्यक्ष | |
| ९ | श्री उपेन्द्र साहनी | वडाध्यक्ष | |
| १० | श्री भिम नारायण चौधरी | का.वा. वडाध्यक्ष | |
| ११ | श्री शान्ति सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री पवित्रा थारु | कार्यपालिका सदस्य | पवित्रा |
| १३ | श्री गिता नेपाली | कार्यपालिका सदस्य | गीता |
| १४ | श्री रुक्मिणि थारु | कार्यपालिका सदस्य | |
| १५ | श्री राममिलन लोध | कार्यपालिका सदस्य | राममिलन |
| १६ | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य | |

कार्यसम्पादन सहयोग

| | | | |
|---|---|---|---|
| १ | श्री लक्ष्मण पाण्डेय | ई. अ. | |
| २ | श्री ईश्वरी न्यौपाने | प्र. प्र. अ. | |
| ३ | श्री नागेन्द्र चौधरी | ना. सु. | |
| ४ | श्री राधा ज्ञवाली | का. स. | |
| ५ | श्री | | |

## बैठक संख्या ०२/२०८१-०८२ का निर्णयहरू

१) गत बैठकको निर्णयको समीक्षात्मक छलफल गरी कार्यान्वयन हुन नसकेका पक्षलाई अविलम्व अगाडि बढाउने निर्णय गरियो ।

२) चालु आ.व. मा सञ्चालन गर्ने सम्पूर्ण आयोजना, योजना तथा विभिन्न कार्यक्रमहरू जिल्ला स्तरीय घुम्ती बैठक तथा गा.पा. को वार्षिक कार्य योजना अनुसार तोकिएका जिम्मेवार अधिकारीहरूले तोकिएको समयमै गर्ने, गराउने ।

३) गा.पा. को समग्र वार्षिक कार्ययोजना, लिजा सम्बन्धी कार्ययोजना, बेरुजु फछ्र्यौट सम्बन्धी कार्ययोजना तथा विषयगत शाखा एवम् वडा कार्यालयको वार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो, साथै उक्त कार्ययोजना अनुसार कार्यसम्पादन गर्ने र सिफारिस भइ नआउदासम्म पक्षलाई उचित प्रोत्साहन गर्ने निर्णय गरियो ।

४) यस कार्यालय र मातहतका निकायहरूको संगठन संरचनामा उल्लेख भएको दरवन्दी अनुसार रिक्त पदको पूर्तिका लागि देहाय बमोजिम प्रदेश लोकसेवा आयोगमा माग गर्ने र सिफारिस भई नआउदासम्म करार सेवाको लागि विज्ञापन गर्ने निर्णय गरियो ।

क) भवन तथा वस्ती विकासतर्फः

| | | | |
|---|---|---|---|
| इन्जिनियर (छैटौं) | १ जना | सव इन्जिनियर (पाँचौ) | १ जना |
| अमिन (पाँचौ) | १ जना | अ. सव इन्जिनियर (चौथो) | १ जना |

ख) कृषि तथा पशु सेवातर्फः

| | | | |
|---|---|---|---|
| कृषि अधिकृत (छैटौ) | १ जना | प्रा.स. मत्स्य (पाँचौ) | १ जना |
| ना.प्रा.स. (चौथो) | १ जना | ना.प्रा.स्वा. (चौथो) | १ जना |

**प्रदेश लोकसेवा आयोगमा माग गर्न नपर्ने पदहरू**

क) प्र.म. रोजगार कार्यक्रमतर्फः

| | |
|---|---|
| रोजगार सहायक (चौथो) | १ जना |

ख) गा.पा. कार्यालयतर्फः

| | | | |
|---|---|---|---|
| कार्यालय सहयोगी | २ जना | सुरक्षा गार्ड | २ जना |
| हलुका सवारी चालक | १ जना | | |

ग) वडा कार्यालयहरूतर्फः

| | |
|---|---|
| कार्यालय सहयोगी | ६ जना |

२०८१-५-१

दिल्ली बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५) विगतका वर्षहरूदेखि नै LISA र FRA मा गा.पा.को नतिजा सन्तोषजनक नभएको हुँदा अधिकतम अंक प्राप्त गर्नका लागि आवश्यक अनुशिक्षण कार्यक्रम तयार गरी लागू गर्ने निर्णय गरियो ।

६) गा.पा. कार्यालय, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूवाट दैनिक रूपमा प्रदान गरिने सेवाहरूको संयुक्त सेवा प्रवाह वडापत्र तयार गरी टोलटोलसम्म वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

७) गाउँ सभाको १६औं अधिवेशनबाट पारित भएका निर्णयहरू सम्बन्धित सबैले समयमै कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

८) गत आर्थिक वर्षभरमा भएका सम्पूर्ण गतिविधिहरू समेटेर वार्षिक बुलेटिन प्रकाशन गर्ने निर्णय गरियो ।

९) वडा नं. ३ र ६ मा स्वास्थ्य सेवा सोही वडाबाट सञ्चालन गर्न यहि भाद्र महिना भित्रमा सम्वन्धित् वडाले आवश्यक समन्वय तयारी पुरा गरिसक्ने निर्णय गरियो ।

१०) गा.पा.को वार्षिक कार्ययोजनासहितको वार्षिक टेबल कार्य पात्रो तयार पारि प्रकाशन गर्ने निर्णय गरियो ।

११) देहाय अनुसारका विषयगत समितिका सदस्य सचिवको जिम्मेवारी निम्न अनुसार प्रदान गर्ने निर्णय गरियो ।

- सुशासन तथा संस्थागत क्षमता विकास समित — तुलसा अर्याल
- वन, वातावरण तथा विपद व्यवस्थापन समिति — प्रांशु ढकाल

१२) १ नं. वडा कार्यालयको नयाँ भवनमा वडा कार्यालय र स्वास्थ्य सेवा सूचारू गर्नका लागि आवश्यक सम्पूर्ण तयारी सोही वडाले गर्ने निर्णय गरियो ।

१३) हरितालिका तीज तथा विभिन्न पर्वहरूको अवसरमा विभिन्न संघ संस्थाबाट आयोजित कार्यक्रमहरूमा आर्थिक सहयोग माग भई आएकोले निम्न अनुसार सहयोग प्रदान गर्ने निर्णय गरियो ।

- अन्तरपार्टी महिला सञ्जाल रु. ७५०००/-(पचहत्तर हजार मात्र)
- रेडियो शुद्धोदन ९५.१ मेघाहर्ज रु. २५०००/-(पच्चीस हजार मात्र)
- सौ. फर्सटिकर व्यापार संघ रु. १०००००/-(एक लाख मात्र )
- रेडियो जागरण ९३.६ मेघाहर्ज रु. ३०००/-(तीन हजार मात्र)
- नेवाःसंस्कृति संरक्षण समाज रु. २००००/-(बीस हजार मात्र)
- वडा नं. ७ को प्राचीन समयमाई थानमा नवनिर्मित राधाकृष्ण मन्दिरमा मूर्ति स्थापना गर्नका लागि रु ५०००/-(पाँच हजार मात्र)

विष्णु प्रसाद वस्याल
अध्यक्ष

विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१४) गत आ.व.मा कार्य गर्दै आएका ज्यालादारी कर्मचारीको हकमा चालू आ.व.को ३ महिना (असोज मसान्त) सम्म काममा लगाउने र डोर हाजिर अनुसार प्रारिश्रमिक भुक्तानी गर्ने । साथै करार कर्मचारीको हकमा ६ महिना (पौष मसान्त) सम्म सबैको म्याद थप गर्ने निर्णय गरियो ।

१५) कर्मचारी र जनप्रतिनिधिहरूको क्षमता विकास सम्बन्धी पुनर्ताजगी तालिम स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गरेर सञ्चालन गर्ने निर्णय गरियो ।

१६) चालु आ.व.को श्रावण १ गते देखि नै लागू हुने गरि कानुन विज्ञ र प्रेस विज्ञको करार सम्झौता गरी सेवा लिने निर्णय गरियो ।

१७) गा.पा.को फोहोर मैला व्यवस्थापन गर्नका लागि उपयुक्त स्थानको खोजी गर्नका लागि प्रवक्ता केशव अधिकारीको संयोजकत्वमा वडा अध्यक्ष हेम बहादुर खड्का र विपद व्यवस्थापन शाखा प्रमुख सदस्य रहने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो । साथै उक्त समितिले १ महिना भित्रमा आफ्नो प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

१८) संविधान दिवस एवम् राष्ट्रिय दिवस मनाउनका लागि विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने जिम्मेवारी कार्यालयलाई प्रदान गरियो ।

१९) एक्वास्पेस एग्रो रिसोर्ट प्रा.लि., सियारी गा.पा. ५, बनघुसरी, रुपन्देहीले मिति २०८१।०५।०९ गतेको पत्रानुसार मालपोत कार्यालयलाई राजस्व छुट दिने सम्बन्धी सिफारिस माग भएकोले लुम्बिनी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८१ को बुँदा नं ३ अनुसार सिफारिस उपलब्ध गराउने निर्णय गरियो ।

२०) पुरैनी हाटबजार र भुजौली हाटवजारको बैठकी उठाउने कार्यका लागि यस गाउँपालिका वडा नं. १ वेलवा बस्ने चन्द्र भवन लोधले कबोल गरेको रकम स्वीकृत भए तापनि नजले उक्त कार्यका लागि संझौता गर्न इन्कार गरेकोले यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावलीको दफा १४० उपदफा ३ बमोजिम प्रमुख प्रशासकीय अधिकृतमार्फत पेश भएको टिप्पणी आदेश स्वीकृत गरी सोही अनुसार निज प्रथम बढी कबोलकर्ता चन्द्र भवन लोधसँग पुरैनी हाटबजारको धरौटी रकम रु. १३,०००/- जफत गरी फरक रकम ३५,९९५/- र भुजौली हाटवजारको धरौटी रकम रु. १८१००/- जफत गरी फरक रकम रु. ४०,६९८/- गरी जम्मा रु. ७६,६९३/- सरकारी बाँकीसरह असुल उपर गर्ने निर्णय गरियो ।

२१) कार्यालयहरूको सेवा प्रवाह सम्बन्धी कार्यसम्पादनलाई थप व्यवस्थित बनाउनका लागि कार्यसम्पादन करार सम्झौता गरी वार्षिक कार्ययोजना अनुसार मासिक रिपोर्ट कार्ड लागू गर्ने र सोही अनुसार आगामी जिम्मेवारी हेरफेर गर्न सकिने निर्णय गरियो ।

विष्णु प्रसाद ... अध्यक्ष

... बहादुर ... प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२२) कार्यालयबाट प्रदान गरिने इन्धनको मापदण्ड देहाय अनुसार पारित गरी लागू गर्ने निर्णय गरियो ।

- सबै कर्मचारीहरूलाई पेट्रोल मासिक १० लि. मात्र
- प्राविधिक कर्मचारीहरूलाई पेट्रोल मासिक १५ लि. मात्र
- लगबुक अनिवार्य भर्नुपर्ने र लाइसेन्स भएको हुनुपर्ने
- सरकारी सवारी साधनको लागि पाम्स प्रणालीमा अनिवार्य प्रविष्टी गर्नुपर्ने
- कर्मचारीको जिन्सी सवारी भएमा छुट्टै लगत राख्ने
- सुरक्षा निकायहरूको हकमा एक पटकमा कामको आधारमा बढीमा १० लि. पेट्रोल र डिजल ३० लि. उपलब्ध गराउने सकिने
- विशेष सहयोगको लागि अध्यक्ष र प्र.प्र.अ. को सिफारिसमा बढीमा १० लि. पेट्रोल र ३० लि. डिजल प्रदान गर्ने
- इन्धनको अभिलेख किताब राख्ने
- अध्यक्ष र कार्यालयको सवारीको लागि कामको आधारमा आवश्यकता अनुसार उपलब्ध गराइने ।

२३) कार्यालयबाट प्रदान गरिने सूचना तथा लोककल्याणकारी सन्देश प्रवाहका लागि देहाय बमोजिमको मापदण्ड लागू गर्ने निर्णय गरियो ।

- प्रकाशन तथा प्रसारणका लागि कार्यालयको पूर्व स्वीकृति लिखित रूपमा लिनु पर्ने, फोनमार्फत लिएको स्वीकृति मान्य नहुने ।
- बिना स्वीकृतिका कुनै पनि सूचना वा सन्देशको भुक्तानी दिन कार्यालय बाध्य नहुने ।
- सामान्य जनहितकारी सन्देशहरू करकट्टीसहित रु. ५०००/ (पाँच हजार) सम्मको कार्यालय प्रमुखले उपलब्ध गराउन सक्ने ।
- अन्य तथा विशेष खालको सूचना/सन्देश भएमा बढिमा रु. २००००/- (बीस हजार) सम्म कार्यपालिकाबाट निर्णय भए बमोजिम उपलब्ध गराउन सक्ने ।
- खरिद सम्बन्धी टेन्डरका सूचनाको हकमा रु. ३८०/- प्रति सिसीमा २५% छुट लिई भुक्तानी गर्ने ।
- एकद्वार प्रणालीमार्फत सूचना सन्देशहरू प्रदान गर्ने र सोको अभिलेख किताब राख्ने ।
- सूचना सन्देशका लागि स्थानीय एजेन्सी/संचार माध्यमलाई प्रथामिकता प्रदान गर्ने ।

विष्णु प्रसाद पराजुली
अध्यक्ष

- सूचना सन्देश प्रदान गर्नका लागि यस गापाको कुनै पनि क्षेत्रमा गरेको काम सम्बन्धी समाचार वा फिचर वा विचार वा लेख वा रचना वा फोटोसहितको जानकारी वा यस्तै कुनै प्रकारको सामग्री प्रकाशन तथा प्रसारण भएकोलाई पहिलो प्रथमिकता दिने ।

२४) शियाभार पार्क, शुद्धोदन पार्क र चिल्ड्रेन पार्कहरूको नियमित रूपमा सरसफाई, संरक्षण र सौन्दर्यीकरण गर्ने कार्यक्रम रहेकोले १/१ जना माली ज्यालादारीमा राखी काममा लगाउने निर्णय गरियो ।

२५) विगतमा भएको कर्मचारी विज्ञापनको सूचना रद्ध भएकोले राजस्व फिर्ता गर्ने सन्दर्भमा तेस्रो पटकसम्म सूचना जारी गरि प्राप्त निवेदनहरूको राजस्व फिर्ता भएकोले अव उपरान्त प्राप्त आवेदनको कुनै पनि कारवाही नगर्ने निर्णय गरियो ।

२६) बनगाई माध्यमिक विद्यालयको नाममा रहेको करिव १-१०-० जग्गा ८ वर्षदेखि खाली रहेको हुँदा उक्त जग्गा उत्पादनमूलक बनाउनको लागि बजेट व्यवस्थापन गर्न गा.पा.मा सिफारिस आएको हुँदा संयोजक केशव अधिकारी (प्रवक्ता) तथा सदस्यहरूमा तारक बहादुर कुँवर (२ नं वडा सदस्य) र रामवचन केवट (अमिन) रहेको समिति गठन गरि १५ दिन भित्रमा राय पेश गर्नेगरी कायदिश दिने निर्णय गरियो ।

२७) गत आ.व. २०८०।०८१ को सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा इएफ्टीमार्फत अस्वीकृत भई आएकोले छुट भएका विभिन्न किसिमका २५० जना लाभग्राहीहरूको भत्ता रकम रू १७,१७,३२६। अपुग भएकोले चालू आ.व. २०८१।०८२ मा पुनः निजहरूको खातामा इएफ्टी गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा माग गर्ने निर्णय गरियो ।

२८) बालिका जन्म प्रोत्साहन कार्यक्रम अन्तरगत सुरक्षित तवरले स्वास्थ्य संस्थामा प्रसुती भई ३५ दिन भित्रमा जन्म दर्ता गराएपश्चात प्रतिबालिका रु २०००। (दुई हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

२९) यस गाउँपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८१/०३/२० को सिफारिस अनुसार शुद्धोधन गाउँपालिका वडा नं. ५ रजाड शिशौडाँडा निवासी वर्ष ३२ को यादव वि.क. मिति २०८१/०३/१५ गते पोखरीमा डुवि मृत्यु भएकोले विपद् राहत स्वरुप मृतकको भाई राजु सुनारलाई रु २५,०००/- (अक्षेरुपी पच्चिस हजार मात्र) राहात उपलब्ध गराउने निर्णय गरियो।